अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७७।०२।२५ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

नागरीक समाज इटहरीबाट यातायात व्यवस्था कार्यालय (सवारी) कोशीमा संकलित राजस्व हिनामिना भैरहेको समेतको व्यहोरा उल्लेख गरी आयोगमा दर्ता हुन आएको उजुरीका सम्वन्धमा आ.ब. २०७३/०७४ को २०७३ चैत्र देखी २०७४ आषाढ मसान्तसम्मको अनुसन्धान हुँदा उपलब्ध भएका तथ्यगत विवरण, प्रमाण कागज समेतको विवेचनासमेतका आधारमा सेवाग्राहीहरुबाट संकलित राजस्व प्रचलित कानून वमोजिम सम्वन्धित राजस्व खातामा दाखिला नगरी/नगराई राजस्व रकम हिनामिना गरी आफूसमेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई प्रत्यक्ष हानीनोक्सानी पुऱ्याउने देहायका कर्मचारीहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ वमोजिम कैद सजाय र जरिवाना एवं बिगो असुल गर्न मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

सि.नं	नाम, पद	कार्यालय	बिगो रु.	सजायको मागदाबी
१.	तत्कालीन कार्यालय प्रमुख नयराज नेपाल	यातायात व्यवस्था कार्यालय (सवारी) कोशी	१,०८,२९,०६९।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो असुल उपर गरी जफत हुन मागदाबी लिइएको छ।
२.	तत्कालीन कार्यालय प्रमुख तिर्थराज लम्साल	"	३,३०,७९,३७३।-	" "
३.	तत्कालीन कार्यालय प्रमुख गोपाल थपलिया	"	१,३०,७२,१५३।-	" "
४.	तत्कालीन कार्यालय प्रमुख भुपेन्द्र राई	"	५६,१२,५४७।-	" "
५.	तत्कालीन लेखा अधिकृत टीकाराम अधिकारी	"	१,२५,४८,००६।-	" "
६.	तत्कालीन लेखापाल सुरेश अधिकारी	"	३,७२,४४,७५५।-	" "
७.	तत्कालीन लेखापाल रुद्र प्रसाद दाहाल	"	३,४८,९३,२१६।-	" "
८.	तत्कालीन लेखापाल अर्जुन भट्टराई	"	२,१७,३२,४७३।-	" "
९.	तत्कालीन लेखापाल कृष्ण प्रसाद कट्टेल	"	७३,६२,४५५।-	" "
१०.	कम्प्युटर अपरेटर (करार) सुजन राई	"	२२,४४,३३६।-	" "

११.	कम्प्युटर अपरेटर राकेश रोशन मस्राङ्गी मगर	फोकस वान नेपाल प्रा.लि.	५,९४,९८,९३१।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) मा परिभाषित कसुर गरेको स-प्रमाण पुष्टि भएको हुँदा न्यून दाखिला भएको राजस्व सोही ऐनको सोही दफा बमोजिम असुल उपर गरी जफत हुन मागदाबी लिइएको छ।
१२.	कम्प्युटर अपरेटर रमेश पौडेल	"	५,९४,९८,९३१।-	" "
१३.	कम्प्युटर अपरेटर भूमिराज अधिकारी	"	५,९४,९८,९३१।-	" "
१४.	कम्प्युटर अपरेटर हरिमदन ढुङ्गेल	"	५,९४,९८,९३१।-	" "
१५.	कम्प्युटर अपरेटर दिपेन्द्र कुमार मण्डल	"	१,४६,५२६।-	" "
१६.	कम्प्युटर अपरेटर मैया कुमारी चापागाई	"	२२,४४,३३६।-	" "
१७.	कम्प्युटर अपरेटर रविन कुमार विश्वास	"	४५,४६१।-	" "

प्रवक्ता
प्रदीपकुमार कोइराला